# मनु र मह




बिक्रीका लागि होइन

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# मनु र मह



बिक्रीका लागि होइन ।

यो सन्दर्भ सामग्री
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

लेखक
शान्तदास मानन्धर र शिल्पी प्रधान

चित्राङ्कन
युवक श्रेष्ठ

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

बिक्रीका लागि होइन ।

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७६

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी)को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन् ।

# हाम्रो भनाइ

बालबालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइसम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बालबालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्यपुस्तकमा भएका विषयवस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा रुम टु रिडले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो। प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

बिक्रीका लागि होइन ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बालबालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ। अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७६

पाठ्यक्रम विकास केन्द्र




**मनु करायो– मह ! मह !**

**कतै मह छ कि ?**



घरमा मह भने छैन,
अलिकति पनि छैन ।



मह पाउन ऊ बाहिर गयो ।
मनु परपर पुग्यो ।



उकालो बाटो आयो !

लौ, फेरि ओरालो आयो !



उकालोपछि ओरालो
ओरालोपछि फेरि उकालो



बाटामा एउटा नदी थियो
नदीमाथि सानो पुल थियो ।


बिक्रीका लागि होइन ।

एक छिनअगि नदीवारि
अब मनु नदीपारि ।



फेरि बाटो, बाटैबाटो
मनु बाटैबाटो गयो ।



बिक्रीका लागि होइन ।

बजार जब आयो,
बाटो भयो चौबाटो ।



बाटामा रातो बत्ती थियो ।
एकछिनपछि हरियो भयो ।



ऊ पारिको पसलमा गयो ।
पसलेलाई पैसा दियो ।



पसले दाइ, मलाई मह दिनुहोस् ।
मह मलाई मन पर्छ ।




पसलेले मह दियो ।

मनुले मजासित मह खायो ।



मह धेरै मिठो छ !

वाह ! मह धेरै मिठो !



मह दिने पसले दाइ पनि मिठो !
पसले दाइ त झन् मिठो !



बिक्रीका लागि होइन

# मनु र मह

मनु करायो– मह ! मह !
कतै मह छ कि ?
घरमा मह भने छैन,
अलिकति पनि छैन ।

मह पाउन ऊ बाहिर गयो ।
मनु परपर पुग्यो ।
उकालो बाटो आयो !
लौ, फेरि ओरालो आयो !

उकालोपछि ओरालो
ओरालोपछि फेरि उकालो
बाटामा एउटा नदी थियो
नदीमाथि सानो पुल थियो ।

एकछिनअगि नदीवारि
अब मनु नदीपारि ।
फेरि बाटो, बाटैबाटो
मनु बाटैबाटो गयो ।

बजार जब आयो,
बाटो भयो चौबाटो ।
बाटामा रातो बत्ती थियो ।
एक छिनपछि हरियो भयो ।

ऊ पारिको पसलमा गयो ।
पसलेलाई पैसा दियो ।
पसले दाइ, मलाई मह दिनुहोस् ।
मह मलाई मन पर्छ ।

पसलेले मह दियो ।
मनुले मजासित मह खायो ।
मह धेरै मिठो छ !
वाह ! मह धेरै मिठो !

मह दिने पसले दाइ पनि मिठो !
पसले दाइ त झन मिठो !





बिक्रीका लागि होइन